बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

मा.राजेन्द्रप्रसाद पाण्डे
मुख्यमन्त्री

# शुभकामना

नेपालीहरुले तराई तथा पहाडमा हर्षोल्लास पूर्वक मनाउने रङ्गहरुको महान पर्व फागु पूर्णिमा (होली) का अवसरमा स्वदेश तथा प्रवासमा रहनुभएका सबै नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, आपसी सद्भाव, सहिष्णुता, एकता र उत्तरोत्तर प्रगतिको कामना गर्दछु । धार्मिक तथा सांस्कृतिक विविधताले सम्पन्न हाम्रो मुलुकमा मनाइने यस किसिमका पर्वले राष्ट्रिय एकता, सामाजिक सदभाव कायम गर्न तथा सामाजिक सम्मिलनमा महत्वपूर्ण योगदानका साथै सांस्कृतिक पर्यटनको विकासमा समेत सहयोग गरेका छन् ।

असत्य माथि सत्य र खराब माथि असल पक्षले विजय हासिल गरेको रुपमा लिइने होली पर्व देशभर हर्षोल्लास पूर्वक मनाइने राष्ट्रिय पर्वमा खेलिने रङ्गहरुको यो पर्वले हामी मानव जीवनलाई रङ्गिन र उल्लासमय बनाउन र जीवन प्रति आत्मविश्वास बढाउन पनि प्रेरित गर्ने विश्वास व्यक्त गर्दछु । पहाडी क्षेत्रमा आज र तराई क्षेत्रमा भोली एक आपसमा भेला भई रङ्गहरु लगाई हर्षोल्लासका साथ मनाउने प्रचलन रहिआएको छ। यस्ता चाडपर्व र संस्कृतिले राष्ट्रिय एकता सुदृढ पार्न एवम् सामाजिक सदभाव अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछन् ।

बागमती प्रदेश सरकार प्रदेश भित्र बसोबास गर्ने विभिन्न जात जातिका संस्कृतिहरुको संरक्षण तथा प्रवर्द्धन गर्दै पर्यटन विकासका लागि संस्कृतिको जगेर्ना गर्न आवश्यक सहयोग गर्न सदैव तयार रहने विश्वास समेत दिलाउन चाहन्छौं । फागु (होली) पर्वले हामी बिच सदभाव, आत्मीयता, आपसी समझदारी, एकता, सामाजिक सद्भाव कायम गर्दै देशको समृद्धि एवं अमन चयन कायम गर्ने वातावरण निर्माण भै समृद्ध नेपाल र समुन्नत बागमती प्रदेश निर्माण गर्ने तर्फ उत्प्रेरणा मिलोस भन्ने कामना गर्दछु ।

अन्त्यमा यस पर्वले हाम्रो सामाजिक सदभाव कायम गर्दै राष्ट्रियता, लोकतन्त्र र गणतन्त्र सुदृढ गर्न र समाजवादको लक्ष्य हासिल गर्न हामी सबै नेपाली एकताबद्ध भई अघि बढ्न प्रेरणा प्रदान गर्नेछ भन्ने अपेक्षा राख्दै शुभकामना व्यक्त गर्दछु ।

चैत्र ३, २०७८ बिहीवार

राजेन्द्रप्रसाद पाण्डे
मुख्यमन्त्री